राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०० | २०८३ असार २९ गते सोमवार | (Monday, 13 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### सुन्निए पैताला, रोकिएन मार्च

# सरकार भेट्न दैनिक २० किलोमिटर हिंड्छन् मिटरब्याज पीडित

**शैलेन्द्र महतो**

*जनकपुरधाम, असार २८ गते ।*




अघिअघि किसान-मजदुर आन्दोलनको ब्यानर, पछिपछि मिटरब्याज पीडितका पाइला। घन्किरहेछ- 'लिखत-तमसुक बदर गर', 'मिटरब्याजी साहुलाई कारबाही गर', 'सुदखोर होसियार', 'विगतका सम्झौता कार्यान्वयन गर' जस्ता नारा। यी नारासँगै ६ बुँदे माग बोकेर ४०० मिटरब्याज पीडितहरू राजधानी काठमाडौंतर्फ लम्किरहेका छन् । कसैको हातमा झोला छ त कसैको हातमा पानीका बोतल। कसैले झण्डा बोकेका छन् ।

असार २५ गते जनकपुरधामको तिर हुतियागाछीबाट यसरी लामबद्ध भएर हिँडेका मिटरब्याज पीडितहरू आज करिब १०० किलोमिटर दूरी पार गर्दै रौतहटको चपुर पुगेका छन् । उनीहरूको आजको बास चपुरस्थित धर्मशालामा हुनेछ ।

**हिँड्दाहिँड्दै सुन्निन थाले पैताला**

वर्षा र गर्मीले मार्चलाई चुनौती बढाइरहेको छ। लगातार हिँड्दा उनीहरूलाई समस्या आउन थालेको छ। लालबन्दीबाट निस्केको पैदल मार्चको क्रममा सिरहाकी कुलसुम खातुन बेहोस् नै भएकी थिइन्। प्राथमिक उपचारपश्चात् उनको अवस्था सामान्य भएको मिटरब्याज पीडितका नेता मनोज पासवानले बताए।

'वर्षाले धेरै हैरान पारेको छ । गर्मीको मौसम छ। वर्षा भएर रोकिँदा झन् गर्मी बढ्छ । जसका कारण पैदल हिँडिरहेका पीडितको पैताला सुन्निन थालेको छ । आज कुलसुम खातुन बेहोस नै हुनु भयो,' उनले सुनाए।

लगातारको पैदल हिँडाइले पीडितका खुट्टामा फोका उठेका छन् । कसैलाई घाउसमेत लागेको छ।

पैदल मार्चमा सहभागी सिरहा लहान नगरपालिका-२ गोरथारी भगवानपुरकी २५ वर्षीया पारवती कुमारीको हिँड्दाहिँड्दा खुट्टा सुन्निएको छ।

परिवारले लिएको ऋण नदेखेकी पारवतीले साढे ३ वर्षअघि बिहे भएर आएपछि मात्र थाहा पाएकी थिइन् । ऋणको उचित सावाँब्याज फिर्ता गर्न चाहे पनि साहुले सम्पूर्ण सम्पत्ति हत्याएर सडकमा पुऱ्याउने अवस्था आएपछि उनी पैदल मार्चमा हिँडेकी हुन्।

'हिँड्दाहिँड्दै खुट्टा सुन्निएको छ। तर जति पीडा भए पनि सहेर काठमाडौं पुग्नु छ। सरकारलाई जगाउनु छ। हामीलाई न्याय चाहिएको छ,' उनले भनिन्।

मिटरब्याज पीडित अभियन्ता लक्ष्मी घिमिरेको खुट्टामा फोका उठेको छ। उनले आफू जस्तै धेरै जनाको खुट्टामा फोका उठेको र घाउ भएको बताइन्।

'हिँड्दाहिँड्दा मेरो खुट्टामा फोका उठेको छ । म जस्तै धेरै साथीहरूको खुट्टा सुन्निएको छ। तर पनि हिम्मतसाथ हिँडिरहेका छौं,' उनले भनिन्।

जतिसुखै दुःख भए पनि काठमाडौं पुगेर सिंहदरबारलाई आफ्नो आवाज सुनाउने अठोटका साथ उनीहरू अघि बढिरहेका छन् । दिनभरि नारा-जुलुससहित पैदल यात्रा गर्ने र राति विश्राम लिने क्रम जारी छ।

**दैनिक २० किलोमिटर हिँडाइ**

मिटरब्याज पीडितहरू दैनिक २० किलोमिटर बढी यात्रा गरिरहेका छन् । प्रधानमन्त्री बालेन शाहले ४ माघको रास्वपा सभामा अब उखु किसान र मिटरब्याज पीडित अधिकार माग्न काठमाडौं धाउन नपर्ने उद्घोष गरेका थिए । त्यही स्थान जनकपुरधामको तिरहुतियागाछीबाट असार २५ गते उनीहरूले मार्च पास सुरु गरेका थिए।

पहिलो दिन करिब २० किलोमिटर दूरी पार गर्दै उनीहरू धनुषाको क्षिरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा बास बसेका थिए । दोस्रो दिन असार २६ गते त्यहाँबाट हिँडेर झण्डै २० किलोमिटर दूरी पार गर्दै बर्दिबासको माइस्थान पुगेपछि पञ्चधुरा मन्दिर परिसरमा विश्राम गरेका थिए।

त्यसपछि शनिबार बिहान त्यहाँबाट प्रस्थान गरी २० किलोमिटरभन्दा बढी यात्रा गर्दै सर्लाहीको लालबन्दी पुगेका थिए । राति लालबन्दीमा विश्राम गरेपछि आइतबार बिहान रौतहततर्फ लागेका उनीहरू आज चन्द्रनिगाहपुरको धर्मशालामा आराम गर्ने छन्।

दिनभर हिँड्ने मार्च यात्री दिउँसो एक पटक र राति एक पटक भोजन गर्छन् । आर्थिक अवस्थाका कारण खाजा भने खाँदैनन् । चन्दा संकलन गर्दा पनि लक्ष्यअनुसार नजुटेपछि खाजाको लागि समस्या भएको अभियन्ता मनोज

*- बाँकी पृष्ठ ३ मा*

# सभापति रवि र प्रधानमन्त्री बालेनबीच भेटवार्ता

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार २८ गते ।*



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहबीच भेटवार्ता भएको छ।

आइतबार बिहान सभापति लामिछानेको निवास बुढानीलकण्ठमा दुई नेताबीच करिब तीन घण्टा लामो छलफल भएको हो । भेटमा पछिल्लो राजनीतिक घटनाक्रम, रास्वपाको केन्द्रीय समिति विस्तार, सरकारको कार्यशैली र संविधान संशोधनको विषयमा संवाद भएको स्रोतले जनाएको छ । साथै, देशमा बढ्दै गएको जननिराशालाई कसरी दीर्घकालीन रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै नेताले गम्भीर विचारविमर्श गरेका छन्।

छलफलका क्रममा पछिल्लो समय भएका आत्मदाहका घटनाहरूबारे विशेष चर्चा भएको छ।

गणेश नेपाली र आश्विन राउत लगायतका आत्मदाहका घटनालाई वर्षौंदेखिको कुण्ठा र व्यवस्थाप्रतिको निराशाको परिणामका रूपमा विश्लेषण गर्दै, यसबाट परिवारमा परेको पीडाप्रति दुवै नेताले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

भेटमा सभापति लामिछानेले सुकुम्बासी समस्याको विषय उठाउँदै, सुकुम्बासी व्यवस्थापन गर्दा मानवीय संवेदनशीलतालाई उच्च प्राथमिकतामा राखेर अघि बढ्न प्रधानमन्त्री शाहलाई सुझाव दिएका छन्।

*- बाँकी पृष्ठ ३ मा*


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operation) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकित्सक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

‘होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि’
‘सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि’
– सन्त ‘व्यथित’

## सम्पादकिय............

# असारे विकास : सरकारको वास्तविक परीक्षा

आर्थिक वर्षको अन्त्यतिर हुने ‘असारे खर्च’ नेपालको सार्वजनिक वित्त व्यवस्थापनको पुरानो रोग हो । चालु आर्थिक वर्षमा पनि नियमित भुक्तानी बन्द हुनुअघि एकै दिन ३३ अर्ब रुपैयाँभन्दा बढी खर्च भएको तथ्यले यो प्रवृत्ति अझै नियन्त्रणमा आउन नसकेको स्पष्ट गरेको वर्षभरि सुस्त गतिमा चल्ने विकास आयोजना असार लागेपछि हतार-हतार सम्पन्न भएको देखाउने अभ्यासले विकासको गुणस्तर, पारदर्शिता र वित्तीय अनुशासनमाथि नै प्रश्न उठाएको छ । सरकारले यस वर्ष पुँजीगत बजेटको आधाभन्दा कम मात्र खर्च गर्न सकेको छ भने असार महिनामै ठूलो हिस्सा खर्च भएको छ । यसले समस्या बजेटको अभाव नभई योजना निर्माण, आयोजना तयारी, ठेक्का व्यवस्थापन र कार्यान्वयन प्रणालीमा रहेको देखाउँछ । यस्तो अवस्थाले विकास निर्माण प्रभावकारी हुनुको सट्टा खर्च सक्ने प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने गरेको छ ।

वर्तमान सरकार सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई मुख्य एजेन्डा बनाएर आएको हो । जेन्जी आन्दोलनबाट सिर्जित जनअपेक्षा पनि यही थियो कि विगतका विकृतिहरूको अन्त्य हुनेछ । त्यसैले यही सरकारले पनि असारे खर्चको पुरानै शैलीलाई निरन्तरता दिएको देखिएमा जनताले स्वाभाविक रूपमा प्रश्न उठाउनु अस्वाभाविक होइन । यद्यपि, केवल केही तथ्यका आधारमा सरकारलाई विगतकै सरकारसरह ठहर गर्नु पनि हतारो हुनेछ । सरकारले प्रणाली सुधारका लागि चाल्ने आगामी कदम नै यसको वास्तविक मूल्यांकनको आधार बन्नुपर्छ । सरकारले आफूलाई फरक सावित गर्न चाहन्छ भने असारे खर्चलाई सामान्य प्रशासनिक अभ्यासका रूपमा होइन, सुशासनको गम्भीर चुनौतीका रूपमा लिनुपर्छ । आयोजना तयारी पूरा भएपछि मात्र बजेट विनियोजन गर्ने, त्रैमासिक प्रगतिको कडाइका साथ समीक्षा गर्ने, सार्वजनिक खरिद प्रक्रियालाई समयमै सम्पन्न गर्ने र खर्चभन्दा परिणामलाई प्राथमिकता दिने संस्कार विकास गर्नैपर्छ । साथै, अन्तिम समयमा हुने अनावश्यक भुक्तानी र निर्णय प्रक्रियामाथि स्वतन्त्र निगरानी तथा जवाफदेहिता सुनिश्चित गरिनुपर्छ ।

सरकारको सफलता खर्चको प्रतिशतले होइन, त्यसबाट प्राप्त विकासको गुणस्तर र नागरिकले अनुभूत गर्ने परिणामले मापन हुन्छ । यदि वर्तमान सरकारले विगतका कमजोरी दोहोर्याएर असारे विकासकै संस्कृतिलाई निरन्तरता दियो भने परिवर्तनको आशामा जनताले दिएको विश्वास कमजोर बन्न सक्छ । तर, यही समस्यालाई सुधारको अवसरमा रूपान्तरण गर्न सके वर्तमान सरकारले आफूलाई विगतका बदनाम अभ्यासबाट अलग र उत्तरदायी शासनको उदाहरणका रूपमा स्थापित गर्ने अवसर अझै बाँकी छ ।

## राशिफल

मेष - व्यापारमा लाभ हुनेछ ।
वृष - काम गर्न समस्या पर्नेछ ।
मिथुन - गोपनीयता भंग हुन सक्छ ।
कर्कट - काम बिग्रने डरले सताउनेछ ।
सिंह - अवरोध पुर्याउन सक्छन् ।
कन्या - उपयुक्त साइत पर्खनुहोला ।
तुला - हिम्मत गर्दा काम बन्नेछ ।
वृश्चिक - उपलब्धि हातलागी हुनेछ ।
धनु - परिवर्तन ल्याउन सक्छ ।
मकर - दैनिकीमा परिवर्तन आउनेछ ।
कुम्भ - काम सुरु गर्ने समय छ ।
मिन - मतभेद बढ्न सक्छ ।

# यिनलाई कानुनले चिन्दैन, कतै सरकारले चिन्छ कि ?




**नारायण अधिकारी**

*विचार*

शुक्रबार मध्यराति आएको वर्षाका कारण शनिबार बिहानीपख कीर्तिपुरस्थित राधा स्वामी सत्संगको सकुमवासी होल्डिङ सेन्टर डुबानमा पर्‍यो ।

प्रधानमन्त्री बालेन शाहले थापाथली तथा बागमती नदी किनारमा बसेका सुकुमवासी बस्ती बर्खाको समयमा डुबानमा पर्ने भएकाले उनीहरूकै हितका लागि हटाइएको बताउँदै आएका छन् । डुबानको समस्याबाट मुक्त हुन हटाएको भनिए पनि शनिबार होल्डिङ सेन्टर नै डुबानमा पर्‍यो ।

होल्डिङ सेन्टरमा राखिएका सुकुमवासीका लत्ताकपडा, ओढ्ने,ओछ्याउने, खाद्यान्न, औषधि लगायतका सबै सामानहरू डुबे ।

होल्डिङ सेन्टरमा वृद्धवृद्धादेखि बालबच्चाहरू समेत भएकाले मानवीय क्षति हुनसक्ने जोखिम उच्च थियो । राति बाढी आए पनि मानवीय क्षति भने हुन पाएन ।

बाढीले सुकुमवासी बस्ती डुबानमा परेपछि बिहानैदेखि सञ्चारकर्मीदेखि जेनजी अभियन्ता, आम सर्वसाधारणसम्म होल्डिङ सेन्टरमा पुगेर रिपोर्टिङ गर्नेदेखि उद्धारको काममा जुटेका थिए । केही अभियन्ताहरूले भने सरकारको शैलीले सुकुमवासीले दुःख पाएको भन्दै आवाज पनि उठाए ।

त्यसपछि प्रहरीले धरपकड तथा पक्राउ समेत गरेको थियो । प्रहरीको लछारपछारबाट जेनजी अभियन्ता माजिद अन्सारीको अनुहारमा सामान्य चोट समेत लाग्यो । जेनजी अभियन्ता माजिददेखि सरिस्मा थापा, नयन्द्र खड्का समेतलाई प्रहरीले नियन्त्रणमा लिएर भ्यानमा हाल्यो ।

यो क्रममा प्रहरीले माजिदलाई विद्यार्थी भएर पढ, राजनीति नगर भन्दै बोलेको समेत सार्वजनिक भिडयोमा सुनिन्छ । माजिदले जवाफमा पढेको बताउँछन् ।

नियन्त्रणमा लिएका उनीहरूलाई अहिले छाडिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए । तर यो क्रममा प्रहरीले गरेको व्यवहारमाथि अहिले प्रश्न उठिरहेको छ । प्रहरीले अनावश्यक धरपकड गर्नेदेखि रुखो शैलीको व्यवहार गरेको भन्दै प्रहरीको आलोचना भएको छ । तर, यो भन्दा मुख्य कुरा हिजोको घटनामा अनधिकृत व्यक्तिबाटै नागरिक शासित हुनुपरेको भन्दै प्रश्न उब्जिएको छ ।

सार्वजनिक भिडियो क्लिपहरूमा ओजस्वी थापा नाम गरेका युवाले प्रहरीलाई निर्देशन दिनेदेखि नागरिकको टोपी जबर्जस्ती फुकाल्ने र सञ्चारकर्मीलाई अर्ती दिने गरेकोसम्म देखिन्छ ।

सार्वजनिक भिडियोमा उद्धारका लागि आफूले प्रहरी लिएर आएको जिकिर गरेका छन् । ‘मसँग प्रहरी पनि आउनु भएको छ । खटिनु भएको छ । सरकारले समस्या समाधान गर्नुपर्छ भनेर हामी यहाँ आएको हो,’ सार्वजनिक भिडियोमा ओजस्वीले भनेको सुनिन्छ । उनको भनाइले उनीबाटै प्रहरी त्यहाँ परिचालित र निर्देशित भएको बुझिन्छ ।

यतिमात्रै होइन उनले सञ्चारकर्मीलाई पनि अर्ती दिएका थिए । ‘मिडियाकर्मीहरूले पनि के कुरा बुझ्नु पर्छ भने कुन कुरालाई कुन रुपमा कसरी सम्प्रेषण गर्ने भनेर बुझ्नु पर्छ,’ ओजस्वीले अर्ती दिएका थिए ।

उनले यस्तो बोलेपछि प्रहरीले सञ्चारकर्मीलाई समेत त्यहाँ रिपोर्टिङ गर्न रोक लगाएको थियो । प्रहरीले भने अहिले उद्धार गर्ने बेला भएकाले रिपोर्टिङ गर्दा उद्धारमै समस्या हुने भन्दै रोकेको दाबी गरेको छ ।

अझ यो भन्दा गम्भीर विषयले तीनै ओजस्वी थापा नाम गरेका व्यक्तिले एक व्यक्तिको क्याप नै फुकालिदिएको सार्वजनिक भिडियोमा देखिन्छ । ‘यो पार्टीको तारो भएको टोपी फुकालेर आउनुस्’ भन्दै एक युवाले शिरमा लगाएको टोपी समेत ओजस्वीले फुकालेका थिए । यो सबै घटना हुँदा प्रहरी भने मुकदर्शक बनेको थियो । अझै तीनै टोपी फुकालिएका युवालाई प्रहरीले भ्यानमा हालेर लगेको थियो । ओजस्वीबाट टोपी फुकालिएका युवा नेकपा निकट नयन्द्र खड्का हुन् । उनी भूमि आयोगका पूर्वउपाध्यक्ष समेत हुन् । प्रहरीलाई निर्देशन दिनेदेखि व्यक्तिको शिरको टोपी फुकाल्ने ओजस्वी थापा भने कुनै सरकारी कर्मचारी, जननिर्वाचित प्रतिनिधि वा राज्यमा कुनै नियुक्ति लिएका व्यक्ति भने होइनन् ।

उनी न गृहमन्त्रीको कुनै सचिवालय टिममा नियुक्त भएका छन् न अन्य मन्त्री तथा प्रधानमन्त्री कै । तर उनको शैली भने निर्वाचित व्यक्ति तथा सरकारी हैसियत प्राप्त अधिकारीको जस्तै देखिएको छ ।

यसरी अनधिकृत व्यक्तिबाट शासित हुने अवस्था आउनुलाई सरकारले विस्तारै आफ्नो वैधानिकता आफैं गुमाउँदै गएको रुपमा बुझ्नुपर्ने कानुनका जानकारहरूको भनाइ छ । ‘अधिनायकवादमा त कानुनको सीमामा बस्नुपर्छ भने यो त लोकतन्त्र हो । कानुनले नचिनेका व्यक्तिबाट शासित हुनु भनेको लोकतन्त्रप्रति विश्वास नभएका व्यक्तिबाट शासन भएको रुपमा बुझ्नुपर्छ’ वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेलले भने ।

हाम्रो राज्य संरचनाको इतिहास केलाउँदा पनि वैधानिक संरचना देखिन्छ । हरेक कुराको सीमा हुन्छ र ती विषयहरू कानूनले निर्दिष्ट हुन्छ । तर अहिलेको अवस्था भने फरक हुँदै गएको पञ्चायतको जस्तो देखिएको खरेल सम्झन्छन् । ‘पञ्चायती व्यवस्थाको अन्त्यतिर सूर्यबहादुर थापाले भूमिगत गिरोह भन्ने शब्द प्रयोग गरेका थिए । त्यतिबेला कानूनले नचिनेको व्यक्तिहरू शक्तिशाली थिए । मन्त्री माग्दै त्यस्ता व्यक्तिहरू भएको ठाउँमा जाने गरिन्थ्यो’ खरेल सम्झन्छन्, ‘त्यही शब्दका कारण सूर्यबहादुर समेत पक्राउ परे । पछि यो व्यवस्था नै ढल्यो । यस्ता कदम हुँदै जानु भनको सत्ता अन्त्यको सुरुवात हो ।’

संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रधामन्त्रीका मान्छेले धम्क्याउनेदेखि कानुनले नचिनेका मान्छेहरूबाट निर्देशन हुनु लोकतान्त्रिक पद्धती नरहेको जानकारहरू बताउँछन् । सुधार गर्ने असल नियत नै भए पनि खराब प्रणाली भएकाले यसलाई राम्रो मान्न नसकिने बुझाइ छ ।

यता, आफूमाथि लागेको आरोपबारे भने ओजस्वी थापा खण्डन गर्छन् । होल्डिङ सेन्टरमा पानी पस्यो भनेर राति २ बजे फोन आएपछि उद्धार गर्न राति नै आफू त्यहाँ पुगेको उनको भनाइ छ । आफ्नो टिम त्यहाँ पुगेर १२७ जनालाई सुरक्षित रुपमा अन्यत्र सारिएको उनी बताउँछन् ।

तर कानूनले नचिनेको व्यक्ति गएर निर्देशन गरेको भन्ने प्रश्नमा भने उनले प्रधानमन्त्रीको कार्यालयकै समन्वयमा आफू त्यहाँ पुगेको दाबी उनले गरे ।

‘समस्या भएको जानकारी पाएपछि प्रधानमन्त्री कार्यालयकै समन्वयमा उद्धारका लागि म त्यहाँ पुगेको हुँ,’ थापाले भने । थापाले सुकुमवासी होल्डिङ सेन्टरमा पुगेका नयन्द्र खड्काको टोपी फालेका थिए । यसबारे भने उनी राजनीति गर्न खोजिएको आरोप लगाउँछन् ।

‘उहाँ आउनु भयो मलाई प्रश्न गर्नुभयो । म यहाँबाट आएको पार्टीको मान्छे भन्नुभयो । मैले उद्धार गर्नु पाउनुपर्छ भन्नुभयो । पार्टीगत हिसाबले त्यहाँ गिजोल्न खोजे, मान्छे भड्काउन खोजे । सहयोग गर्ने भए राजनीतिलाई भूईंमा राखेर आउनु भनेको हुँ, त्यो टोपी फुकालेर आउनुस् भनेको हुँ,’ उनको दाबी छ, ‘म पनि पार्टीगत रुपमा त्यहाँ गएको होइन । राम्रो गर्न खोजेको हुँ नराम्रो रुपमा बुझ्न भएन ।’

यसरी अनधिकृत रुपमा नागरिकमाथि निर्देशन दिने थापा हालका गृहमन्त्री सुधन गुरुङ निकट छन् । जेनजी आन्दोलन हुँदा र त्यसपछिका दिनहरूमा पनि उनी सुधन सँगसँगै हिँड्थे । उनी द काउन्सिल अफ जेनजीमा आबद्ध पनि छन् ।

बालेन समूह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच एकता हुँदा उनी रास्वपाको केन्द्रीय सदस्य समेत बनेका थिए । अहिले महाधिवेशमा भने उनी उम्मेदवार बनेनन् । सुशीला कार्की प्रधानमन्त्री हुँदा पनि राष्ट्रपति कार्यालयदेखि प्रधानमन्त्री कार्यालयसम्म पुगेर उनी पहुँच राख्थे । तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यकक्षमा ढुकेर हरेक दिन नियमित कामकारबाहीमा हैरानी खेलाउने गरेको तत्कालीन गृहमन्त्रालय स्रोतले बताएको थियो ।

यसरी जेनजी आन्दोलनको विरासत देखाएर राज्यस्रोतबाट असीमित पहुँच लिन लागिपरेका ओजस्वी कुनै आधिकारिक जिम्मेवारीमा भने बसेको देखिएन । अहिले वास्तविक जेनजी आन्दोलनकारीमाथि आक्रमण भएको प्रसंगमा उनी समेत जोडिन पुगेका छन् ।

- बाँकी पृष्ठ ३ मा

# रोटरी र रोटर्याक्टको नेतृत्वमा...

शुभकामना दिँदै स्थानीय सरकार, सामाजिक संस्था र युवाबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।
रोटरी क्लब अफ बर्दिबासको अध्यक्षमा सुमित्रा भट्टराईले नेतृत्व सम्हालेकी छिन् । क्लबको आगामी अध्यक्ष निर्वाचितमा डा. चन्द्रमणि खत्री, उपाध्यक्षमा विनोद भण्डारी, सचिवमा सुदर्शन काफ्ले, संयुक्त सचिवमा इन्दिरा पौडेल र कोषाध्यक्षमा रोटेरियन रेनु आचार्य चयन भएको छिन् ।
यस्तै, क्लबका विभिन्न विभाग तथा सेवा परियोजनाका संयोजकहरू समेत चयन गरी नयाँ कार्यसमिति गठन गरिएको छ ।
त्यसैगरी, रोटर्याक्ट क्लब अफ बर्दिबास (कार्यकाल २०२६-२७) को अध्यक्षमा संगम गोले निर्वाचित भएको छ । उपाध्यक्षमा मनीष कर्ण, सचिवमा मदन सुन्दास, कोषाध्यक्षमा रिमा बराइली, सार्वजनिक छवि तथा सल्लाहकारमा सागर फुयाल, सार्जेन्ट एट आर्म्स तथा आईटी अधिकृतमा नारायण राज अधिकारी, सेवा परियोजना संयोजकमा रमण गिरी, व्यावसायिक विकास संयोजकमा रामकृष्ण भण्डारी, रोटर्याक्ट वाईएलसी संयोजकमा सुशान्त कार्की, अन्तर्राष्ट्रिय सेवा संयोजकमा रबिन पोखरेल, सह-सचिवमा तृषा श्रेष्ठ, सह-कोषाध्यक्षमा मनीषा कोइराला तथा सदस्यता संयोजकमा मञ्जु गडाल चयन भएको छ ।
पदस्थापन समारोहमा रोटरी तथा रोटर्याक्टका पदाधिकारी, पूर्व अध्यक्ष, सदस्य, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि, उद्योगी-व्यवसायी, बुद्धिजीवी तथा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।
समारोहमा नयाँ नेतृत्वले आगामी कार्यकालमा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, युवा सशक्तीकरण तथा सामुदायिक सेवाका कार्यक्रमलाई थप प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको आयोजकले जनाएको छ ।

# चैते धानखेतीतर्फ किसानको...

कृषि अधिकृत शिवचन्द्र झाले जिल्लाका दुई पालिकामा चैते धान प्रवर्द्धन कार्यक्रम संचालन भएपछि किसान उत्साहित भई खेतीको क्षेत्र विस्तार हुँदै गएको बताए । उनका अनुसार सो पालिकामा हाल करिब १५० बिघा क्षेत्रफलमा चैते धानखेती गरिएको छ ।
आयोजनाका समूह एकाइ प्रमुख रविलाल शर्माले साना तथा निम्न आय भएका किसानको खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम संचालन गरिएको बताए । उनले यसले किसानको आयआर्जन वृद्धि र कृषि उत्पादनमा आत्मनिर्भरताका लागि महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरे ।
जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ८५० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको छ । सो क्षेत्रबाट तीन हजार ३३२ मेट्रिकटन उत्पादन भएको केन्द्रले जनाएको छ । प्रतिहेक्टर तीन दशमलव ९२ मेट्रिकटन औसत रूपमा उत्पादकत्व हासिल जनाउँदै केन्द्रका प्रमुख प्रदीपकुमार यादवले जिल्लामा चैते धानखेतीको क्षेत्र विस्तारसँगै उत्पादनमा उल्लेखनीय वृद्धि भएको बताए ।
कृषि ज्ञान केन्द्रले आगामी वर्षमा चैते धानखेती विस्तार गरी उत्पादन वृद्धि गर्न किसानलाई आवश्यक प्राविधिक सहयोग र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको जनाएको छ ।

# यिनलाई कानुनले चिन्दैन...

उनी जस्तै यसअघि प्रधानमन्त्री बालेको सचिवालयको टिमले पनि संवैधानिक निकाय अख्तियारलाई निर्देशन दिएको भन्दै प्रश्न उठेको थियो ।
संवैधानिक निकायलाई त्यो पनि प्रधानमन्त्रीले नभई उनको सचिवालयको टिमले निर्देशन दिनु अनधिकृत रहेको कानूनका जानकारहरू बताउँछन् ।
त्यो त यसअघि बालेनका प्रमुख राजनीतिक सल्लाहाकार कुमार बेनका दाजु सिद्धी व्यञ्जनकारले पनि खेलकुद मन्त्रालयको तर्फबाट निर्देशन दिने गरेका थिए । कतिसम्म भने राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा मन्त्रालयको तर्फबाट भएको अनुगमनमा उनै सिद्धी थिए । त्यहाँ खेलकुद मन्त्री भने थिएनन् ।
शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सिद्धीलाई प्रमुख सल्लाहारको रुपमा नियुक्त गरेका थिए ।
तर सल्लाहाकारले भने कर्मचारीदेखि राखेपका व्यक्तिलाई निर्देशन दिने गरेका थिए ।
यसअघि सम्पत्ति सम्बन्धी विवाद भएपछि ९ वैशाखमा सुधन गुरुङले राजीनामा दिएपछि उनका प्रमुख स्वकीय सचिव जेम्स कार्कीले पनि मन्त्रालयमा बसेर काम गर्दै आएका थिए ।
मनोहरा बस्तीको सुकुमवासी बस्ती हटाउन त्यतिबेला कार्की आफैं पुगेका थिए ।
अघिल्लो दिन झत्काउने क्रममा प्रहरीमा आक्रमण भएपछि भोलिपल्ट उनी आफैं पुगेका थिए । कार्कीले माननीय, सचिवलगायतको कोअर्डिनेसन र निर्देशनमा काम भएको बताएका थिए ।

# गणेशका परिवारसँग नौ बुँदे...

आगामी बस्ने कार्यपालिका बैठकको निर्णयानुसार मृतककी श्रीमती एकमाया नेपालीलाई निजको योग्यता तथा क्षमताका आधारमा रोजगारी सुनिश्चित गरिनेछ । साथै, मृतककी आश्रित छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि काठमाडौं महानगरपालिकाबाट आवश्यक प्रबन्ध मिलाइनेछ भने यस कार्यका लागि नेपाल सरकारका सम्बन्धित निकायले आवश्यक सहजीकरण गर्नेछन् । महानगरपालिकाले आगामी कार्यपालिका बैठकबाटै निर्णय गराई मृतकको आश्रित परिवारलाई राहतस्वरूप यथोचित रकमसमेत उपलब्ध गराउनेछ ।
त्यस्तै, तत्कालका लागि आवश्यक मानवीय र व्यावहारिक पक्षहरूलाई सम्बोधन गर्दै मृतकको अन्तिम संस्कार (सद्गत) का लागि आवश्यकपर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौँमा गरिने काजकिरियाको आवश्यक व्यवस्थापन काठमाडौँ महानगरपालिकाबाटमिलाइनेसहमति भएको छ । यससँगै पीडित परिवार तथा आफन्तजनको तर्फबाट मृतकको शव बुझिलिने, शव परीक्षण (पोस्टमार्टम) लगायतका कानुनी प्रक्रियामा पूर्ण सहयोग र सहजीकरण गरी सद्गत गर्ने जिम्मा लिइएको छ ।
मृतकका एकाघरका परिवारजनको आतेजाते (यातायात) खर्च एवं काठमाडौँमा काजकिरिया अवधिभर रहँदा-बस्दा हुने सम्पूर्ण खर्चको प्रबन्धसमेत काठमाडौँ महानगरपालिकाले नै व्यहोर्ने सहमतिपत्रमा उल्लेख छ ।

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# सम्झौता हुन लागेकै बेला इरानले आक्रमण गऱ्यो : ट्रम्प



**द पब्लिक टुडे समाचारदाता**
*गौशाला, असार २७ गते ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र इरान सम्झौताको निकै नजिक पुगेका बेला अचानक इरानले एउटा जहाजमाथि ड्रोन आक्रमण गरेको बताएका छन् ।
सीएनएनसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले भने, ‘उनीहरू (इरान) लगभग हाम्रा सबै कुरा मान्न तयार भइसकेका थिए, तर त्यसको ठीक दुई घण्टापछि उनीहरूले एउटा जहाजमाथि ड्रोन आक्रमण गरे ।’ इरानी अधिकारीहरूको आलोचना गर्दै राष्ट्रपति ट्रम्पले थपे, ‘यी मानिसहरूमा केही न केही समस्या छ ।’ इरानको उक्त कदमको जवाफमा अमेरिकाले गरेको कारबाहीबारे उल्लेख गर्दै राष्ट्रपति ट्रम्पले भने, ‘हामीले उनीहरूमाथि निकै कडा प्रहार गऱ्यौं ।’
यसअघि अमेरिकाले हर्मुज स्ट्रेटमा एक व्यापारिक जहाजमाथि इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आईआरजीसी) ले गरेको आक्रमणको जवाफमा इरानका ‘१४० सैन्य ठेगानाहरू’मा आक्रमण गरेको दाबी गरेको थियो ।

# सरकार भेट्न दैनिक २० किलोमिटर...

पासवानको भनाइ छ । ‘हामी पीडितहरूबाटै ५०-१०० रुपैयाँ संकलन गर्छौं । तर अपेक्षित पैसा उठ्न सकेन । त्यसकारण खानाको मात्र व्यवस्था हुन सक्यो । खाजा नखाई हिँडिरहेका छौं,’ उनले भने ।
यसरी अघि बढिरहेका पीडितहरूको ६ सूत्रीय माग छ । मिटरब्याजसँग सम्बन्धित तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन, चेकलगायत सबै फर्जी लिखत मन्त्रिपरिषद्को निर्णयमार्फत अवैध घोषणा गरी खारेज हुनुपर्ने, मिटरब्याज अपराध नियन्त्रणका लागि कडा र प्रभावकारी विशेष ऐन निर्माण गरी कडाइका साथ कार्यान्वयन हुनुपर्ने, मिटरब्याजसम्बन्धी मुद्दाको शीघ्र सुनुवाइका लागि विशेष न्यायाधिकरण गठन गर्नुपर्ने, फर्जी मुद्दाको पुनरावलोकन गर्न तथा पीडितमैत्री न्यायिक संयन्त्र स्थापना गर्नुपर्ने उनीहरूको माग छ । यस्तै, साहु-महाजनले अवैध रूपमा आर्जन गरेका सम्पत्ति छानबिन गरी गैरकानुनी सम्पत्ति जफत तथा बैंक कारोबारको आधारमा अनुसन्धान गर्नु पर्ने, पीडितको चल-अचल सम्पत्ति फिर्ता गराई दोषीलाई कानुनी कारबाही गर्नुपर्ने, क्षतिपूर्ति तथा सम्पत्ति फिर्ता प्रक्रियामा सहुलियत दिनु पर्ने माग उनीहरूको छ । शोषित, उत्पीडित तथा साना व्यवसायीलाई सहज ऋण, वित्तीय पहुँच र न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चित गर्ने विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने पनि पीडितको माग छ ।
मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका अध्यक्ष कुशवाहाको नेतृत्वमा अघि बढिरहेको यो पैदल मार्चले काठमाडौं पुगेर सशक्त आन्दोलन गर्ने लक्ष्य लिएको छ ।

**यसअघिका सहमति कार्यान्वयन भएनन्**

मिटरब्याज पीडितको यो तेस्रो पैदल मार्च हो । यसअघि २०७९ चैत २ गते बर्दिबासबाट निस्केका मधेशका ७२ जना मिटरब्याज पीडित पैदल मार्चपास गर्दै ११ दिनमा काठमाडौं पुगेका थिए ।
मिटरब्याज पीडित संघर्ष समितिका अध्यक्ष मनोज पासवानको नेतृत्वको उक्त पैदल मार्च आन्दोलन सशक्त हुँदा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड माग पूरा गर्न सहमत भएका थिए । सरकार र आन्दोलनकारीबीच पाँच बुँदे सहमति भएको थियो ।
सहमतिअनुसार सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो । तर पीडितहरू ठूलो संख्यामा भए पनि न्याय न्यून मात्र पाए । आयोगको समय सकिएपछि दोस्रो पटक २०८० माघ १६ गते मेची र महाकालीबाट एकैपटक मिटरब्याज तथा ठगीविरुद्ध आन्दोलन गरेका थिए । किसान मजदुर संघर्ष समिति नेपालका अध्यक्ष अवधेश कुशवाहाको नेतृत्वमा करिब ४०० को संख्यामा काठमाडौं पुगेर आन्दोलन गरेका थिए । मिटरब्याज पीडितको सशक्त आन्दोलनपश्चात् २८ फागुन २०८० मा फेरि सरकार र मिटरब्याज पीडितबीच वार्ता भई चार बुँदे सहमति भयो । यसको फलस्वरुप २०८० चैत ९ गते सरकारले दोस्रो पटक पूर्वन्यायाधीश तेजबहादुर कार्कीको नेतृत्वमा मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग गठन गऱ्यो ।
त्यस बेला पनि ठूलो संख्यामा उजुरी परे पनि सुनुवाइ भने न्यून संख्यामा मात्र भयो । त्यसकारण यो विषय अहिलेसम्म जटिल बनेको छ । बेलाबेला मिटरब्याज पीडितको आन्दोलन भए पनि हजारौं पीडितले न्याय पाउन सकेका छैनन् । मिटरब्याजीहरूले अदालतबाट निषेधाज्ञा मुद्दाको सहयोग लिँदा र प्रहरी प्रशासन प्रभावित गर्दा न्याय नपाएको उनीहरूको गुनासो छ ।
यस्ता मिटरब्याज पीडित देशभर ६० हजारभन्दा बढीको संख्यामा रहेको पीडितहरूको भनाइ छ ।

# सभापति रवि र प्रधानमन्त्री...

पछिल्ला दिनमा सार्वजनिक सञ्चारमाध्यममा आएका विभिन्न अड्कलबाजीहरूको खण्डन गर्दै सचिवालयले रास्वपा र मेयर शाहको समूहबीच कुनै पनि दरार नरहेको स्पष्ट पारेको छ ।
हाल मन्त्रिपरिषद् पुनर्गठन हुने सम्भावना नरहेको र प्रधानमन्त्रीले शक्ति केन्द्रीकृत गर्न नखोजेको बरु सम्बन्धित मन्त्रालयहरूलाई बढी शक्तिशाली बनाउने प्रयास भइरहेको स्रोतको दाबी छ ।
त्यस्तै, रास्वपाको केन्द्रीय समिति विस्तारमा बालेन पक्षले अवरोध गरेको भन्ने हल्ला निराधार रहेको र दुवै नेताबीचको समन्वयमा नै कामकारबाही अगाडि बढिरहेको बताइएको छ ।

पत्रिका मागेर होइन
किनेर पढ्ने बानी बसालौं

# समस्या...

प्रदेशसभाको बैठकमा प्रतिपक्ष दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधनको मागसहित बैठक अवरुद्ध गरेपछि सभामुख यादवले बैठक अर्को सूचना नहुञ्जेलसम्मका लागि बैठक स्थगित गरेको थियो ।
मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रबर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेको थियो ।

# रोटरी र रोटर्याक्टको नेतृत्वमा महिला

द पब्लिक टुडे समाचारदाता

*बर्दिबास, असार २८ गते ।*

महोत्तरीको बर्दिबासस्थित गौतम होटलमा रोटरी क्लब अफ बर्दिबास र रोटर्याक्ट क्लब अफ बर्दिबासको नवौं संयुक्त पदस्थापन समारोह भव्य रूपमा सम्पन्न भएको छ ।




रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) अन्तर्गत आयोजित समारोहमा दुवै क्लबका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिलाई औपचारिक रूपमा पद तथा जिम्मेवारी हस्तान्तरण गरिएको हो ।

समारोहमा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का प्रतिनिधि आरटीएन विनोद कोइराला प्रमुख अतिथि तथा बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री विशेष अतिथिका रूपमा सहभागी रहेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि कोइराला र नगर प्रमुख क्षेत्रीले रोटरी तथा रोटर्याक्टले समाज सेवा, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, युवाको नेतृत्व विकास र सामुदायिक सेवाका क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गरे ।

उनीहरुले नवनिर्वाचित कार्यसमितिलाई सफल कार्यकालको

*- बाँकी पृष्ठ ३ मा*

# चैते धानखेतीतर्फ किसानको आकर्षण बढ्दै

राष्ट्रिय समाचार समिति

*महेन्द्रनगर, असार २८ गते ।*

धनुषा जिल्लाका विभिन्न स्थानीय तहमा पछिल्लो समय चैते धानखेती गर्ने किसानको संख्यामा उल्लेख्य रूपमा बढ्न थालेको छ । प्रशस्त उत्पादन हुने, वर्षमा तीन बाली लिन सकिने तथा सरकारी र विकास साझेदार संस्थाको सहयोग उपलब्ध हुने भएपछि किसानहरू चैते धानखेतीतर्फ आकर्षित भएका हुन् ।

जिल्लाको लक्ष्मीनियाँ गाउँपालिकाका किसान विल्टु साहका अनुसार एक कट्ठा जमिनमा तीनदेखि पाँच मनसम्म उत्पादन हुने भएकाले चैते धानखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । धनुषाका सुक्खा तथा बाढी प्रभावित दुई पालिकामा सङ्घीय सरकारले संचालन गरेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाअन्तर्गत चैते धान प्रवर्द्धन कार्यक्रम संचालन भएपछि किसानको सहभागिता बढेको



किसान भोला यादवले बताए ।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा जिल्लाका बटेश्वर र जनकनन्दनी गाउँपालिकाका साना तथा निम्न आय भएका किसानलाई उन्नत बीउ, आधुनिक खेती गर्न प्रविधि, सिँचाइका सामग्री तथा आवश्यक तालिम उपलब्ध गराइएपछि किसानले चैते धानखेती विस्तार गर्न थालेका स्थानीय दीपक यादवले जानकारी दिए ।

किसान दीपेन्द्र महतोका अनुसार वर्षमा तीन बाली उत्पादन गर्न सकिने भएकाले बटेश्वरमा मात्र १४० बिघा क्षेत्रफलमा चैते धानखेती गरिएको छ । हर्दिनाथ-१, २ र ३ जातका चैते धानको बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध गराइएपछि गाउँका अधिकांश किसानले यो खेती सुरु गरेका किसान भाग्यचन्द्र महतोले बताए । उनले समयमा बीउ, मल तथा सिँचाइको व्यवस्था भए मुलुकलाई धान, चामल तथा अन्य खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने विश्वास व्यक्त गरे ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना समूह एकाइ धनुषाका

*- बाँकी पृष्ठ ३ मा*

# समस्या समाधान गर्न कार्यदल गठन

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, असार २८ गते ।*

मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलगायतका विषयमा देखिएका समस्या समाधान गर्न कार्यदल गठन गरिएको छ ।

मधेश प्रदेशसभाको आईतवारको बैठकमा सभामुख रामअशिष यादवले आजैदेखि कार्य प्रारम्भ गर्ने गरी प्रदेशसभा सदस्यहरु उपेन्द्र महतो, हरिनारायण महतो, जंगीलाल राय, प्रमोदकुमार यादव, सञ्जयकुमार यादव, बिमला अन्सारी तरुन्म र सरिताकुमारी ठाकुर रहने गरी कार्यदल गठन गरिएको घोषणा गर्नुभयो । कार्यदलले कार्यविधि आफै निर्माण गर्नेछ ।

यस्तै, बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सरकारको विनियोजन विद्येयक २०८३ प्रस्तुत गरे । बैठकमा प्रदेशसभा सदस्य रविन्द्र श्रेष्ठले पेश गरेको मधेश प्रदेशसभा नियमवलीको नियम १३५ को उपनियम (२) र (३) निलम्बन गर्ने प्रस्ताव बहुमतले स्वीकृत भएको सभामुख यादवले घोषणा गरे ।

सो दुबै उपनियम निलम्ब भएसँगै सभामुख यादवले आईतवारको कार्यसूचीमा रहेका अन्य विषयहरु हटाए ।

प्रदेशसभाको अर्को बैठक असार ३० गते मंगलवार दिउँसो १ बजे बस्ने गरी स्थगित भएको छ ।

गत असार १ गते प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विद्येयकमाथिको छलफल गर्न असार १७ गते आह्वान गरेको

*- बाँकी पृष्ठ ३ मा*

# गणेशका परिवारसँग नौ बुँदे सहमति, छानविन समिति गठन गरिने

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, असार २८ गते ।*

मृतक गणेश नेपालीका परिवार र नेपाल सरकार तथा काठमाडौँ महानगरपालिकाबीच नौ बुँदे सहमति भएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौँमा १४ घण्टा लामो वार्तापछि आईतवार बेलुका ५:०० बजे नेपाल सरकार, काठमाडौँ महानगरपालिका र पीडित पक्षबीच नौ बुँदे सहमति भएको हो ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं समेतको उपस्थितिमा पीडित पक्षसँग छलफल भइ सहमति भएको हो । सहमति भएसँगै पीडित पक्ष नेपालीको शव परीक्षण प्रक्रिया अगाडि बढाउन र शव बुझ्न सहमत भएका छन् ।

मुगुको सोरु गाउँपालिका-१ जवलधारा घर भएका नेपालीले यही असोज २५ गते त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका थिए । उनको वीर अस्पतालको 'बर्न युनिट'मा उपचारका क्रममा यही असार २५ गते राति निधन भएको थियो । उक्त घटनालाई लिएर पीडित पक्ष आन्दोलित भएका थिए ।

सहमति पत्रमा नेपाल सरकार तथा काठमाडौँ महानगरपालिकाले मृतक गणेश नेपालीको दुःखद निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् भने शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् ।

सहमतिपत्रमा घटनाको सत्यतथ्य



र निष्पक्ष छानविन गर्न नेपाल सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा यथाशीघ्र एक स्वतन्त्र छानविन समिति गठन गर्नेछ । उक्त समितिले गठन भएको मितिले सात दिनभित्र आफ्नो प्रतिवेदन सरकारसमक्ष पेस गरिसक्नुपर्नेछ ।

मृतक गणेश नेपालीलाई सहिद घोषणा गर्ने सम्बन्धमा प्रचलित कानुन, विगतको अभ्यास तथा गठन हुने छानविन समितिको प्रतिवेदन र सिफारिसका आधारमा नेपाल सरकारले आवश्यक निर्णय प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।

यस्तै, घटना घटेको दिन उक्त घटनास्थलको अग्रभागमा खटिएका महानगरका प्रहरी बलका कर्मचारीलाई हालका लागि निलम्वन गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौँले महानगरपालिकालाई लेखी पठाउने र पछि छानविन आयोगको प्रतिवेदन तथा सिफारिसबमोजिम कारबाही प्रक्रिया अघि बढाउने सहमति भएको छ ।

लामो गृहकार्यपछि जुटाइएको सहमतिअनुसार पीडित परिवारको दीर्घकालीन आर्थिक तथा सामाजिक सुरक्षा सुनिश्चित गरिएको छ ।

काठमाडौँ महानगरपालिकाको

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री